# नगर कार्यपालिका वैठक, वैठक संख्या १६/०७७/०७८

आज मिति २०७८ साल बैशाख २१ गते मंगलबार दिउँसो ३:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थिती:**

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मन्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | abs. |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | abs. |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | abs. |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | abs. |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | abs. |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | abs. |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्री प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | abs. |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | abs. |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | abs. |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | abs. |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | abs. |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | शान्ती तिरवती | का.वा - १२ | शान्ती |
| २. | गोरख मानआले | का.वा - ६ | |
| ३. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |
| ४. | श्री विनोद मानन्धर | का. वा. वडाध्यक्ष - वडा नं. - ९ | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु :–

१. **बैठकको गणपुरक संख्या सम्बन्धमाः–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सदस्य सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २० जना सदस्य उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएकाले अध्यक्ष वाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **यस अघिका कार्यापालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–**

यस उपमहानगरपालिकाको मिति २०७७।१।१२ गते बसेको कार्यपालिका बैठकमा जम्मा ७ वटा निर्णयहरु भएकोमा सबै निर्णयहरु कार्यान्वयन भै सकेको पाईयो ।

३. **सेवा प्रवाह नहुने सम्बन्धमाः–**

हाल विश्वभर महामारीको रूपमा फैलिएको **कोरोना भाईरसको दोस्रो** लहर (**COVID - 19 ,Second Wave )** नेपालमा साथै धरानमा पनि दिन प्रतिदिन विकराल रूपमा समुदाय स्तरमानै फैलिरहेकाले त्यसको रोकथामका लागि नेपाल सरकार, प्रदेश सरकार साथै जिल्ला दैवि प्रकोप नियन्त्रण समिति वाट दिएका विभिन्न निर्देशनहरु आजको बैठकमा जानकारी भयो । हाल धरानमा पनि कोरोना भाईरसका विरामीहरु दिन प्रति दिन बढ्दै गएकाले यस लाई रोक्न मिति २०७८।१।२२ गते देखि २०७८।१।३१ गते सम्म नगरपालिका र मातहतका कार्यलयहरुवाट प्रावाह हुने अत्याबस्यक सेवा ( बारुणयन्त्र , सरसफाई, खानेपानी वितरण र स्वास्थ्य सहित कोरोना ब्यबस्थापन ) बाहेक सेवा प्रवाह नगर्ने निर्णय गरियो ।

४. **आईसोलेन स्थापना गर्ने सम्बन्धमाः–**

विश्वभर महामारीको रूपमा फैलिएको **कोरोना भाईरसको दोस्रो** लहर ( **COVID - 19 ,Second Wave )**नेपालमा साथै धरानमा पनि दिन प्रतिदिन विकराल रूपमा फैलिरहेकाले संक्रमित व्यक्तिहरूलाई राख्नकालागि आईसोलेसन स्थापना गर्नु पर्ने भएकाले हरियाली सामुदायिक वनको भवन र विजयपुर अस्पताललाई आईसोलेसन स्थापना गर्न अनुरोध गर्नेनिर्णय गरियो ।

५. **संस्थागत भवनहरूको ग्राउण्ड कभरेज सम्बन्धमा :–**

नेपाल सरकार भवन तथा सहरी विकास मन्त्रालयवाट जारी भएको बस्ति विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड २०७२ को बुदा न्. १३.११ ख मा सरकारी, अर्ध सरकारी वा सार्वजनिक भवनहरूलाई निर्माण स्वीकृत दिदा जग्गा उपयोग प्रतिशत ५०% भन्दा बढी नहुने गरी स्वीकृत दिने व्यबस्था भएकोमा मिति २०७७।०४।२८ को कार्यपालिका बैठक वाट आवासीय भवनहरुको हकमा ७ धुर सम्म जग्गा भएको र भुईतला व्यापारिक प्रयोजनका लागि ५० प्रतिशत सम्म उपयोग हुने भएमा ग्राउण्ड कभरेज ८० प्रतिशत सम्म हुन सक्ने निर्णय भएकोमा हाल आएर संघ संस्थाका भवनहरुको हकमा समेत सो सुविधा माग भै आएकाले संघ संस्थाको भवनको हकमा पनि ७ धुर सम्म जग्गा भएको अबस्थामा ८० प्रतिशत सम्म ग्राउण्ड कभरेज गर्न सक्ने निर्णय गरियो ।

६. **बाटो कायम गरी दिने सम्बन्धमा :–**

धरान-१३ वस्ने फुलमाया तामाङ्गले आफ्नो नम्बरी जग्गामा घर बनाउन नक्शा पेश गरेको र निजको जग्गा सम्म जानका लागि हाल भएको नगेश्वर मार्ग बाटोबाट निवेदकको जग्गा सम्म ऐलानी जग्गा परेको हुँदा उक्त

ऐलानी जग्गालाई बाटो कायम गरिदिन निवेदन पेश गरेको सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस समेतका आधारमा उक्त ऐलानी जग्गा सँग जोडिएको बाटो पहिलानै कायम भइसकेको अवस्थामा घर धनीले आफ्नो जग्गाबाट छोडनु पर्ने आवश्यक सेडव्याक छोड्ने गरि ऐलानी जग्गालाई बाटो कायम गर्ने निर्णय गरियो।

७. **स्वास्थ्य लाभको कामना सम्बन्धमा :–**

हालविश्वभर महामारीको रूपमा फैलिएको **कोरोना भाईरसको दोस्रो लहर (COVID - 19 ,Second Wave )** वाट यस उपमहानगरपालिकाका उप प्रमुख सहित केहि कर्मचारीहरू र नगरबासीहरू संक्रमित भई आईसोलेसनमा रहनु भएकाले वांहाहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**आजको वैठक ४:३० मा समाप्त भयो ।**

**वैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा**